**बैठक संख्या: २०७९।०८० – १३**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।
मिति र समयः वि. स. २०७९ साल चैत ०३ गते शुक्रबार समय १० बजे देखि सुरु।
अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री विष्णु प्रसाद पोखरेल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | इश्वरी | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | सरिता | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारीहरु | | |
| १५ | युवराज लामिछाने | अधिकृत | | |
| १६ | अविनाश ठकाल | लेखा अधिकृत | | |
| १७ | | | | |
| १८ | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका वैठक संख्या :- २०७९/०८०/१३ मिति : २०७९/१२/०३

वैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम वहादुर थापा

समय वैठक शुरु विहानको :- ८.००

वैठक वसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) वडा नं.४ क्लब भवन सम्वन्धमा ।

२) योजना सम्झौता सम्वन्धमा ।

३) प्रशासकीय भवनको गेट कम्पाउण्ड सम्वन्धमा ।

४) सौर्य उर्जा सम्वन्धमा ।

५) जग्गा वर्गीकरण सम्वन्धमा ।

६) करार कर्मचारी तलव सम्वन्धमा ।

७) सुन्तला पकेट क्षेत्र अनुदान सम्वन्धमा ।

८) मकै विउ खरिद सम्वन्धमा ।

९) खा.पा.मुल दर्ता सम्वन्धमा ।

१०) झोलुङ्गे पुल सम्वन्धमा ।

११) शिक्षा समिति पूर्णता सम्वन्धमा ।

१२) श्री कामधेनु मा.वि.लाई रु.४ लाख भवन निर्माण थप सम्वन्धमा ।

१३) चमेना गृहको लागि रकम व्यवस्था गर्ने ।

१४) विविध सम्वन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यसै गाउँपालिका वडा नं.४ पुर्कोटमा रहेको युवा क्लब भवन गत आ.व.मा निर्माण भई भुक्तानी दिन बाँकी रहेको रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

होम बहादुर थापा
अध्यक्ष

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.ब.मा संचालनमा रहेका योजनाहरुको सम्झौताका मिति २०७९/१२/२० गते सम्म सम्झौता गरी सक्नु पर्ने छ। सो मिति पश्चात आएका योजनाहरुको संझौताको काम नगर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गाउँपालिका प्रशासकीय भवनको गेट र कम्पाउण्ड गर्ने कामका लागि रकम व्यवस्था गरी अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा सौर्य उर्जा शिर्षकमा रहेको रकमबाट गाउँपालिका कार्यालयमा २ वटा र पालिका भित्र रहेका पाँच वडा कार्यालयहरुमा १/१ वटा सौर्य उर्जाका बत्ति साथै रु.१,५०,०००।०० पालिका भित्रका गोवर ग्यास प्लान्टमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा जग्गा वर्गीकरणको काम गर्ने जिम्मा Cube Info company pvt.Ltd काठमाडौ छनौट भएकाले सो संस्थालाई कार्यादेश दिने साथै सबै वडा कार्यालयहरुबाट जनप्रतिनिधि,स्थानीय समाजसेवी,बुद्धिजिवी र स्थानीय बासी समेतको भेला गरी उक्त विषयमा छलफल गरी कामकाजको प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा कार्यालयमा कार्यरत रहेका करार कर्मचारीहरुलाई चालु आ.व.मा विनियोजित रकम अपुग भएको हुँदा खर्च नहुने तथा वढी रकम भएका कार्यक्रमबाट रकमान्तर गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल सुन्तला पकेट क्षेत्र अनुदान सम्वन्धमा प्राप्त समुहको चेक लिस्टका आधारमा तपसिल अनुसार अनुदान दिने निर्णय गरियो ।

तपसिल,

| क्र.सं | समूहको नाम | वडा नं. | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | पोखरीछाप सुन्ताला कृषक समुह | ३ | ६४ | नयाँ |
| २ | भर्लाङदी सुन्तला कृषक समुह | ५ | ६१ | नयाँ |
| ३ | लालि गुराँस बाखा पालन कृषक समुह | ३ | ६० | निरन्तरता |

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल मकै विउ खरिद सम्वन्धमा पुनः थप ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा खानेपानी मुल दर्ताका विषयमा गाउँपालिकामा प्राप्त डाँडाथोक खानेपानी तथा स.उ.स.घिरिङ ३ र मनकामना ढिलिङ खानेपानी घिरिङ ५ मुल दर्ताको प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा झोलुङ्गे पुल सम्वन्धमा तपसिलका स्थानहरुमा माग गर्ने निर्णय गरियो ।

तपसिल,

होम बहादुर थापा
अध्यक्ष

| क्र.स. | स्थान | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | तिरन्दी खोला भो.पु. वडा नं.४ को जिताकोटबाट वडा कार्यालय जाने बाटो । | ४ | |
| २ | सिफलुङ राम्जाकोट | ४ | |
| ३ | बन्डाडा खोला भो.पु. | ५ | |
| ४ | सालादी खोला भो.पु. वडा नं.२ छानुड र डुमीवेशी जोड्ने अहिलो काठे साँगु भएको ठाउँमा । | २ | |
| ५ | सिहाल्दी खोला भो.पु.वडा नं.२ फेदी चौतारी | २ | |
| ६ | गोफा खोला भो.पु.२ शिखरडाँडा पुच्छार | २ | |
| ७ | दुवती खोला (खुर्सानी खोला) | १-२ | |
| ८ | माथिल्लो गोफा भो.पु. | ३ | |
| ९ | ग्याभा चिन्ने खोला भो.पु. | ३ | |
| १० | अलम्चे खोला भो.पु.(भडरे चौर) | ३ | |
| ११ | यूरदी खोला भो.पु. | ५ | |

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा शिक्षा समितिलाई पूर्णता दिने भन्ने निर्णय गरियो ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा श्री कामधेनु मा.वि.को नयाँ दुई कोठे भवनलाई इस्टिमेट अनुसार रु.४ लाख दिने भन्ने निर्णय गरियो ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा चमेना गृहको लागि भैपरी पुँजीगत शिर्षकबाट रकम व्यवस्था गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार हुने निर्णय गरियो ।

- वडा नं १ मा पर्ने अत्रौली टोल खाल्टावारी पल्लवारी मोटरमार्ग ग्रावेललाई **अत्रौली टोल खाल्टावारी पल्लवारी मोटरमार्ग ग्रावेल** हुनुपर्ने ।
- वडा नं १ मा पर्ने मास्की मोटरमार्ग ग्रावेललाई **मास्की मोटर मार्ग** हुनुपर्ने ।
- श्री दिपक मा.वि.विनियोजित रकम ३०००००।०० लाई निजीस्रोत शिक्षक व्यवस्थापन खर्च तर्फ रु.१८०,०००।०० र सरस्वती मन्दिर निर्माण पूर्वाधार तर्फ रु १,२०,०००।०० गर्नु पर्ने निवेदन माग ।
- वडा नं.३ पोखरीछापमा रहेको गणेश थापा समेतका नाममा संगोलमा रहेको टिनको छाना भएको घर मानपुर पोखरीछाप सडक पिच गर्दाका वखत मेशिन भाइब्रेसनका कारण भत्कीन गएकोले उक्त घर परिवारलाई अर्को घर बनाउनको लागि रु.५०,०००।०० अक्षरुपी पचास हजार रुपयाँ आर्थिक सहयोग दिने निर्णय गरियो ।
- South Asian -NIRJ/V नागाजुङ ४ काठमाडौंसँग सम्झौता भई कार्यआदेश प्राप्त भएको सन्दर्भमा सो कार्य गर्नको लागि कार्यालयसाग समन्वय गरि साइडमा काम भैरहेको साथै ठेक्का बमोजिमको कार्य सम्पन्न गर्नु पूर्व गर्नुपर्ने ग्राउटिङ तथा एंकरिङ गर्ने कार्य पश्चात मात्र अन्य

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

डोल बहादुर थापा
अध्यक्ष

काम गर्नु पर्ने भएको हुँदा कार्य सम्पन्न गर्नका निम्ती आ.व.०७०।०८० को समयावधी रहेने गरी म्याद थपका लागि निवेदन प्राप्त भएको हुँदा २०७९ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

- हालसम्म सम्पन्न भएका बाटोको डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कामको जिम्मा पाएका Infar develop consult pvt.Ltd. Dang ,Royal axis Engineering services pvt.Ltd Kathmandu लाई भुक्तानी दिने निर्णय गरियो ।
- वडा नं.३ सुनपानी बस्ने **गोपाल वि.क.**को घरको आगन पैह्रो गएको **आर्थिक सहायता** रु.५०००। दिने निर्णय गरियो ।
- वडा नं.२ कोलडाँडा बस्ने क्यानसर रोगी होममाया थापालाई रु.१०,०००।०० आर्थिक सहायता दिने निर्णय गरियो ।
- वडा नं.२ मा रहेको **सृजनशिल आमा समुह भवन संरक्षण** नाम संशोधन भै **परोपकार आमा समुह देउराली आमा समुह भवन संरक्षण** हुनु पर्ने ।
- कृष्ण मोटर मार्ग ०-१६००,१६००-३७०० सम्मको बाटो अन्तिम मूल्याङ्कन गर्न साथै सो ठेक्कासँग सम्बन्धी आवश्यक कार्य र परीक्षणका लागि ला.न.५७६५ श्री रवि आचार्यलाई प्राविधिक विज्ञको रुपमा तोकी कार्य सम्पन्न भएकोले निजलाई पारिश्रमिक बापत रु. ४०,०००।०० अक्षरुपी चालीस हजार भुक्तानी गर्ने निर्णय गरियो ।
- गाउँपालिका अध्यक्ष ज्यू को निवास नजिक सवारी साधन राख्ने प्रयोजनका लागि इष्टिमेट गरी टहरा निर्माण साथै उक्त स्थान सम्म पुग्ने बाटोको काम अगाडी बढाउने निर्णय गरियो ।
- वडा नं.४ मा पर्ने **विरुवा खेतको कूलो ढुँड** भएकोमा **विरुवा कुलो स्तर उन्नती योजना** हुनु पर्ने निर्णय गरियो ।
- तपसिलका कडा रोग लागेका थप विरामीहरुलाई नेपाल सरकारबाट मासिक रु.५०००।००( अक्षरुपी पाँच हजार )मात्रका दरले उपचार सुविधा दिने भन्ने निर्णय गरियो ।

तपसिल,

| क्र.सं | नामथर | वडा नं | सम्पर्क नं | रोग निदान भएको अस्पताल | रोगको किसिम |
|---|---|---|---|---|---|
| १ | अमृत थापा | ३ | ९८२६६५५४३९ | चिरायु डाइलाइसिस केन्द्र ,काठमाडौं | मृगौल रोग |
| २ | लील बहादुर राना | ३ | ९८१४१२३५०१ | आस्था किड्नी एण्ड स्पेशलाइजड | मृगौल रोग |
| ३ | हिमानी राना थापा | ४ | ९८४६६५२४१३ | वी.पी कोइराला मेमोरियल क्या.अ. भरतपुर | क्यानसर रोगी |

आ.व. २०७९।०८० रकमान्तर मिति २०७९।१२।०३ गतेको कार्यपालिका बैठकबाट थप र संशोधित बजेट

घटाउँने

विष्णु प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर थापा
अध्यक्ष

| सि.नं. | बजेट उपशिर्षक | कार्यक्रम नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेट स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ८०४३८५०३१०१ | कृष्ण मोटर मार्ग (०-१६००) भुक्तानि बाँकी | ३११५१ | आन्तरीक स्रोत | आन्तरीक स्रोत | आन्तरीक | नगद | २८ लाख |
| २. | ८०४३८५०३१०१ | झुर्राखोला खानेपानी योजना भुक्तानी बाँकी | ३११५६ | आन्तरीक स्रोत | आन्तरीक स्रोत | आन्तरीक | नगद | २ लाख |
| ३. | ८०४३८५०३१०१ | औद्योगिक ग्राम निर्माण | ३११७१ | आन्तरीक स्रोत | आन्तरीक स्रोत | आन्तरीक | नगद | ३७ लाख ५० ह. |
| ४. | ८०४३८५०३१०१ | कृष्ण मोटर मार्ग (१६००-३७५०) भुक्तानि बाँकी | ३११५१ | समानिकरण संघ | समानिकरण | समानिकरण | नगद | ८ लाख |
| जम्मा | | | | | | | | ७५ लाख ५० ह. |

बढाउँने

| सि.नं. | बजेट उपशिर्षक | कार्यक्रम नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेट स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ८०४३८५०३१०१ | करार सेवा शुल्क | ३११३५ | आन्तरीक स्रोत | आन्तरीक | आन्तरीक | नगद | ५० लाख |
| २. | ८०४३८५०३१०१ | स्थानीय पाठ्यक्रम | ३११३५ | समानीकरण संघ | समानिकरण | समानिकरण | नगद | ५ लाख |
| ३. | ८०४३८५०३१०१ | सार्वजानिक सुनुवाइ | ३११३५ | समानीकरण संघ | समानिकरण | समानिकरण | नगद | ३ लाख |
| ४. | ८०४३८५०३१०१ | गाउँपालिका परिसर घेरावार | ३११५१ | आन्तरीक स्रोत | आन्तरीक | आन्तरीक | नगद | १० लाख |
| ५. | ८०४३८५०३१०१ | परामर्श थप | ३११३५ | आन्तरीक स्रोत | आन्तरीक | आन्तरीक | नगद | ७ लाख ५० ह. |
| जम्मा | | | | | | | | ७५ लाख ५० ह. |

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत